बुढीनन्दा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(रोजगार सेवा केन्द्र)
कोल्टी, बाजुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

प्रकाशन मितिः २०८०।१०।२९

## न्यूनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिने सम्बन्धि अत्यन्त जरुरी सूचना ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) अन्तर्गत आगामी आर्थिक वर्ष २०८०/०८१ मा रोजगार सेवा केन्द्रको समन्वयमा प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाको कार्यान्वयनबाट सामाजिक र आर्थिक अवसरबाट वञ्चित महिला, आदिवासी, जनजाती, मधेसी, दलित तथा अन्य सिमान्तकृत समुदाय लगायतलाई सामाजिक संरक्षण उपलब्ध गराउने उद्देश्य बमोजिम आफु स्थाई बसोबास गरेको वडाकार्यालयमा नि-शुल्क पाईने बेरोजगार फारम भरी १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकासका कार्यमा योगदान गर्न ईच्छुक विपन्न वर्गका बेरोजगार व्यक्तिहरुले **२०८० साल फागुन २७ गते** भित्र बेरोजगार व्यक्तिको सुचिमा सूचिकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**आवस्यक न्यूनतम मापदण्ड :**

- निवेदकको नागरिकताको स्पष्ट देखिने प्रतिलिपि - १ प्रति।
- यो आर्थिक वर्षमा न्यूनतम १०० (एक सय) दिनको रोजगारमा संलग्न नभएको परिवारका सदस्य ।
- बार्षिक आम्दानी रु ५७७००/- भन्दा कम भएको परिवार।
- निवेदक कम्तीमा १८ वर्ष पुरा भई ५९ वर्ष उमेर ननाघेको हुनुपर्नेछ ।
- निवेदक स्वयम फारम भर्न उपस्थित हुनुपर्नेछ ।
- नागरिकतामा फरक जारी जिल्ला भएमा बसाईसराई अथवा बिवाह दर्ताको प्रतिलिपि अनिवार्य संलग्न हुनुपर्नेछ ।
- निवेदनमा उल्लेखित सम्पुर्ण विवरण अनिवार्य रुपमा भरेको र वडा कार्यालयबाट प्रमाणित भएको निवेदन मात्र रोजगार व्यवस्थापन सुचना प्रणाली (EMIS)मा प्रविष्ट गरिने छ ।
- निवेदक पुर्ण विवरण सहित रितपूर्वक निवेदन दिई कार्यक्रममा सहाभागी हुन ईच्छुक रहेको हुनुपर्नेछ ।

**बेरोजगार व्यक्ती छनौट प्रकृयाको प्राथमिकता निर्धारण आधार :**

- कृषी उत्पादन वा ज्याला मजदुरीले वर्षमा ३ महिना खान नपुग्ने परिवारको सदस्य,
- निवेदक भूमिहिन वा सुकुम्बासी भएको,
- एकल महिला घरमुली भएको परिवारको सदस्य,
- दलित अल्पसंख्यक वा लोपन्मुख समुदायको परिवारको सदस्य,
- कोही पनि सदस्य स्वरोजगार नभएको वा सामाजिक सुरक्षा लगायत सरकारी कोषबाट सुविधा नलिएको परिवारको सदस्य,
- बार्षिक एक सय दिनको रोजगारी बापत एक व्यक्तिले प्राप्त गर्ने न्यूनतम पारिश्रमिक (नेपाल सरकारले तोकेको) भन्दा कम नगद आय भएको परिवारको सदस्य,
- सहिद तथा वेपत्ता पारिवारको सदस्य,
- महिला बेरोजगार व्यक्ति।

***नोट :माथि उल्लेखित कागजात र विवरण अपुर्ण भएमा फाराम स्वतः रद्द हुनेछ ।***

बुढीनन्दा नगरपालिका
कोल्टी, बाजुरा
सन्तोष कुमार शाह
नि.प्रमुख प्रशासकिय अधिकृत